# गौरीशंकर गाउँपालिका
## Gaurishankar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुरी, दोलखा ।, Suri, Dolakha.
बागमती प्रदेश, नेपाल ।, Bagmati Province, Nepal

पत्र संख्या/ Ref. No. :- ०८१/०८२
चलानी नं. /Dispatch No.:-

मिति/ Date:- २०८१-१०-०६

गौरिशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रमको लागि आवेदन दिने सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मितिः २०८१/१०/०६)**

बागमती प्रदेश सरकारबाट हस्तान्तरित सर्शत अनुदानको कार्यक्रम अन्तर्गत आमाबावु विहिन बालबालिका संरक्षणका लागि आमा र बुबा दुबैको मृत्यु भएका वा दुबै बेपत्ता भएका वा दुबैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेका देहायका योग्यता पुगेका बालबालिकालाई मासिक भत्ता वितरणको लागि सम्बन्धित वडा कार्यलयमा गई २०८१ माघ २० गते भित्र रीतपुर्वक निवेदन दिनुहुन, यो सूचना प्रकाशित गरिएको छ।

**भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता**

१. आमा र बाबु दुबैको मृत्यु भएका वा दुबै बेपत्ता भएका वा दुबैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेका

२. १८ बर्ष उमेर नपुगेको

३. ५ बर्षको उमेर पुरा गरेका बालबालिकाको हकमा बिद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भर्ना भएको विद्यालयले दिएको सिफारिस ,

४. कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नरहेको

**आवेदनको आवश्यक कागजातहरु**

१. जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ( नागरिकता भएका नागरिकताको प्रमाणपत्रको प्रतिलिपि)

२. आमा र बाबु दुबैको मृत्यु भएका वा दुबै बेपत्ता भएका वा दुबैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेका प्रमाणित कागजात

३. ५बर्षको उमेर पुरा गरेका बालबालिकाको हकमा बिद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भर्ना भएको विद्यालयले दिएको सिफारिस,( ५बर्षको उमेर पुरा गरेका बालबालिकाको हकमा अनिवार्य)

४. संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

५. सम्बन्धित बालबालिकाको संरक्षक हो भनि वडाको सिफारिस

**नोटः आवेदन फारम वडा कार्यलयबाट प्राप्त गर्न सकिने छ ।**

..............................
रिजेश उपरकोटी
प्रमुख प्रशासकिय अधिकृत

रिजेश उप्रेकोटी
प्रमुख प्रशासकीय अधिकृत